# लोकतन्त्रको सुदृढीकरण र विकासका लागि स्थानीय निर्वाचन

गत असोज ३ गते नेपालको संविधान २०७२ जारी भएपछि नेपाल संघीय प्रणालीमा प्रवेश गरेको छ । नयाँ संविधानअनुसार देशमा तीन तहको सरकारको परिकल्पना गरिएको छ । संघ, प्रदेश र स्थानीय तह । संविधानको महत्वपूर्ण पक्ष स्थानीय सरकारलाई संवैधानिक संरक्षण प्रदान गरेको छ । यसलाई महत्वपूर्ण उपलब्धि नै मान्नुपर्छ । मुलुकलाई पीडादायी राजनीतिक संक्रमणबाट गुज्रिरहेको अवस्थाबाट मुक्ति मिलेको आभास संविधानले दिए पनि त्यसलाई सबैले स्वीकार गरेको अवस्था छैन । हो, संविधान सर्वस्वीकार्य हुन सक्दैन, त्यो भनेर हामी सधैं संक्रमणमा बसिरहने त ? यो प्रश्नले सबैलाई पिरोलेको छ, विशेष गरी विकासप्रेमी जनतालाई बढी नै पीडा भएको छ ।

मधेसकेन्द्रित दलले संविधान स्वीकारेका छैनन्, उनीहरूले पनि संविधान स्वीकार्न सक्ने अवस्था बनाउन प्रमुख राजनीतिक दल र सरकारले विशेष चासो दिनुपर्छ । यसो भनेर उनीहरूले भनेअनुसार मात्र गर्ने भन्ने अवस्था अब हुन सक्दैन । सबैलाई मनाएर निर्वाचन गर्ने भन्ने अवस्थाबाट हामी निकै पर गइसकेका छौं । यस्तो परिकल्पना कहिल्यै साकार हुन सक्दैन । त्यसैले जनताका आधारभूत आवश्यकताको परिपूर्तिका लागि पनि यतिबेला स्थानीय सरकारको अभाव खड्किएको छ । राजनीतिक दल विशेष गरी संसद्मा प्रतिनिधित्व गर्ने दलबीच सामान्य सहमति गरेर पनि जतिसक्दो छिटो स्थानीय निकाय निर्वाचनको वातावरण बनाउनु अहिलेको आवश्यकता हो । जति ढिलो हुन्छ देशले त्यति ठूलो नोक्सान बेहोर्नुपर्छ ।

निर्वाचनको आवश्यकता किन पर्‍यो त ? यो प्रश्न निकै पेचिलो छ । २०५४ पछि स्थानीय निकाय निर्वाचन भएको छैन । संविधानसभापछि गठन भएका हरेक सरकारले यसको आवश्यकता र औचित्यमाथि जोड दिएका थिए । सबै सरकारहरूले आफ्नो घोषणामा एक वर्षभित्र स्थानीय निकाय निर्वाचन गर्ने उद्घोष गरेका थिए, तर निर्वाचन हुन सकेन । यसलाई दलीय असफलता मान्नुपर्छ । जनताको नाम बेचेर समाजको हित गर्ने भन्दै राजनीति गर्ने कसम खाएपछि जनताले चाहेअनुसार काम गर्नु नेतृत्वका कर्तव्य होइन र ? जनताको अधिकारको कुरा उठाउने तर कर्तव्य बिर्सने नेतृत्वकै कारण हामी निकै पछाडि परेका छौं । अब जतिसक्दो चाँडो स्थानीय निकाय निर्वाचन गर्दा जनता, राजनीतिक दल र लोकतन्त्रको भविष्यका लागि पनि उत्तम हुनेछ ।

निर्वाचन किन आवश्यक छ त । निर्वाचन लोकतन्त्रको मेरुदण्ड हो । लोकतन्त्र स्थापित गर्ने सशक्त र सार्थक अभ्यास पनि हो । परिवर्तन संस्थागत गर्ने माध्यम पनि हो निर्वाचन, किनकि यसबाट जनभावना प्रतिबिम्बित हुन्छ । जनताले चाहेको प्रतिनिधि निर्वाचित गरी उत्तरदायी र स्थायी सरकार गठन गर्न पनि आवधिक तथा स्थानीय निकाय निर्वाचनको प्रावधान राखिएको हो । निर्वाचनबाट आउने परिणाममा जनताको विवेक प्रयोग भएको हुन्छ । जनताको विवेकलाई सम्मान गर्न सकिएन भने त्यस्तो निर्वाचनको औचित्य पुष्टि हुन सक्दैन, परिवर्तन संस्थागत पनि हुन सक्दैन । त्यसैले जनताको सम्मान, विकासप्रतिको चाहना र समयअनुकूल विश्वमा स्थापित आधारभूत मानवअधिकारको सम्मानका लागि पनि निर्वाचन तोकिएको समयमा गर्नु/गराउनु उत्तम हुन्छ ।

हो, देशमा दुईदुई पटक संविधानसभा निर्वाचन भएर पनि जनताको इच्छा र आकांक्षा परिपूर्ति हुन सकेन । लोकतन्त्रका अवयवहरू मजबुत हुने अपेक्षा गरिए पनि झन् कमजोर बने । त्यसैको प्रतिफल स्थानीय निकाय निर्वाचन हुन नसकेको पनि आज १८ वर्ष पूरा भएको छ । एक वर्षअघिको विनाशकारी भूकम्प र संविधान जारी भएलगत्तै भएको नाकाबन्दीका कारण देश आर्थिक रूपमा निकै कमजोर भएको छ । भूकम्पमा भएको धनजनको नोक्सान र नाकाबन्दीबाट उत्पन्न समस्या समाधानमा सरकार प्रभावकारी नदेखिएपछि स्थानीय निकायको अभाव सबै राजनीतिक दललाई खड्किएको थियो । जनताले समयमा राहत पाउन सकेनन् । किनकि स्थानीय सरकार भइदिएको भए ती निकायबाट पीडित जनताले समयमा सेवा पाउन सक्थे । केन्द्रीय सरकारले मात्र सबैथोक गर्न सक्दोरहेनछ भन्ने निर्वाचन नचाहने दललाई समेत परेको थियो । जनताको पीडाका विषयमा संसद्मा आवाज उठ्ने गरे पनि तत्काल स्थानीय निकाय निर्वाचन गरेर सिंहदरबारको अधिकार जनताको घरघरमा पुऱ्याउन सक्ने प्रतिनिधि छान्नेतर्फ प्रमुख राजनीतिक दल उदासीन जस्तै देखिएका छन् । भाषणमा निर्वाचनलाई पहिलो आवश्यकता देखे पनि व्यवहारमा बेग्लै देखिँदा दलप्रति नै जनताको वितृष्णा जागेको अवस्था छ । यसलाई कसरी दूर गर्ने त ?

यही प्रश्नको उत्तर खोज्ने उद्देश्यले यही असार १० गते ( जुन २४–२०१६) राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक) ले स्थानीय निर्वाचन : पूर्वाधार र प्रतिनिधित्व प्रणाली विषयक अन्तरसंवाद गरी गम्भीर बहस चलाएको थियो । नियोकले गरेका यस्ता बहस तथा छलफल राष्ट्रका लागि निकै उपयोगी सावित भएका पनि छन् विगतमा । बहसमा उपस्थित बौद्धिक वर्ग देशको अवस्थाप्रति निकै चिन्तित भएको पाइयो । लामो समयसम्म स्थानीय निकाय निर्वाचन नहुँदा संक्रमणकाल लम्बिएको तर्कमा सबै एकमत थिए । संविधानसभाको दुईतिहाइ बहुमतले नयाँ संविधान जारी गर्दा पनि किन स्वीकार्य हुन सकेन भन्ने प्रश्न पनि उठेका थिए, छलफलमा । संविधान जारी गर्न मुख्य भूमिका निर्वाह गरेका प्रमुख तीन दलका नेताले त्यसको उत्तर दिने प्रयास गरे पनि सहभागीको चित्त बुझ्न सकेन । सहमतिमा संविधान जारी भए पनि तीन दलबीच संविधान कार्यान्वयनका विषयमा फरक मत छन् ।

# के भन्छन् प्रमुख चार दलका नेता

### डा. मीनेन्द्र रिजाल, नेपाली कांग्रेस

नयाँ संविधान साँच्चिकै लोकतान्त्रिक छ । कसैलाई चित्त बुझेन भनेर कार्यान्वयन नहुने भन्ने प्रश्नै हुँदैन । संसारभर सबैलाई चित्त बुझाएर संविधान बनेका अभिलेख छैनन् । यद्यपी केही मधेसकेन्द्रित दलको असहमति कायम छ, त्यसलाई सम्बोधन गरेर संविधान कार्यान्वयनको दिशामा अघि बढ्नुपर्छ । कांग्रेस मधेसलाई अलग राखेर संविधान कार्यान्वयन गरौं भन्ने पक्षमा छैन । संविधान कांग्रेस नेतृत्वको सरकारले नै जारी गरेकाले कार्यान्वयनको नेतृत्व पनि आफैंले गर्न चाहन्छ ।

राजनीतिक दल जनताप्रति उत्तरदायी र जवाफदेही हुन सक्नुपर्थ्यो, तर त्यसो हुन सकेन । हो, कांग्रेस स्थानीय निकाय निर्वाचन छिटो होस् भन्ने पक्षमा छ । हिजो कांग्रेसले नेतृत्व गरेको सरकारले पनि स्थानीय निर्वाचन गर्ने उद्घोष गरेकै हो, तर गर्न सकिएन । अहिलेको सरकार

गठन हुँदा पनि त्यही कुरा दोहोऱ्याइएको थियो । वर्तमान सरकारले मंसिरमा स्थानीय निकायको निर्वाचन गर्ने भन्दै आएको छ, तर कसरी भन्ने उत्तर उसँग छैन ।
स्थानीय निकाय पुनर्संरचना आयोग गठन गरिएको छ । त्यो आयोगलाई फागुनमा प्रतिवेदन बुझाउने जिम्मेवारी दिइएको छ । आयोगको प्रतिवेदन नआई कसरी स्थानीय निकाय निर्वाचन गर्ने ? स्थानीय निकाय निर्वाचन प्रतिवेदन सार्वजनिक भएपछि निर्वाचन गर्दा के हुन्छ भन्ने प्रश्न गर्दा सत्तासीन एमाले कांग्रेसलाई निर्वाचनविरोधी भएको आरोप लगाउँछ । कांग्रेस त धेरै अगाडि निर्वाचन भएको हेर्न चाहन्थ्यो । कांग्रेस लोकतन्त्र सुदृढ बनाउन सघाउने निर्वाचनको विपक्षमा कहिल्यै हुन सक्दैन । आयोगको प्रतिवेदन आएपछि सहमतिका आधारमा चैत वा वैशाखमा निर्वाचन गर्दा उत्तम हुन्छ । मधेसलाई बाहिर राखेर गरिने निर्वाचनले लोकतन्त्रको हित गर्दैन । मधेसी नेपाली हुन् उनीहरूलाई विदेशी बनाएर समस्याको समाधान खोज्न सकिन्न । मधेसकेन्द्रित दलले पनि उम्किएर वा भागेर नभई टेबुलबाटै सहमति खोज्ने दिशामा अघि बढ्नुपर्छ । यसो भयो भने हामीले चाहेअनुसारको निर्वाचन गर्न सकिनेछ । निर्वाचन भयो भने मुलुकलाई समृद्ध बनाउने साझा अभियान सार्थक हुनेछ ।

**राजेन्द्र पाण्डे, नेकपा एमाले**
स्थानीय निकाय निर्वाचन गर्नकै लागि भनेर घोषणा गरिएको हो । इच्छाशक्ति देखाउने हो भने मंसिरमै निर्वाचन गर्न सकिन्छ । चाहे गर्न सकिन्छ, नचाहे सकिन्न । सबै दललाई मनाउन खोज्ने हो भने निर्वाचन कहिल्यै हुन सक्दैन । संसद्मा भएका सबै दलको सहमति खोज्ने हो, त्यसो हुन सकेन भने पनि प्रमुख दलको सहमति जुटाउन सकियो भने निर्वाचन गर्न सकिन्छ । स्थानीय निकाय निर्वाचन गर्न सकियो भने जनताको अधिकार स्थापित गर्न सकिन्छ । दलहरूको वैधानिकताका लागि मात्र निर्वाचन गर्न खोजिएको होइन, जनताले सरकारी सेवा घरदैलोमा पाउन् भनेरै स्थानीय निकाय बनाउन खोजिएको हो ।
मंसिरमा भनिए पनि दलहरूबीच सहमति हुन सके केही समयपछि पनि निर्वाचन गर्न सकिन्छ । अबको निर्वाचन कसलाई जिताउने वा हराउने भनेर नभई जनताको असल प्रतिनिधिले जितुन् भन्ने भावना राखेर गराउनुपर्छ । हुनत अहिलेको संविधान अनुसार कुनै दलले पनि बहुमत ल्याएर सरकार चलाउने अवस्था छैन भने स्थानीय निकायलाई कसैको कब्जामा राख्न पनि सम्भव छ । हाम्रो साझा संकल्प समृद्ध नेपाल हुनुपर्छ । मधेस आन्दोलनमै छ, उसलाई मधेसबाट टुंडिखेलसम्म ल्याउन एमालेको भूमिका छ । अब टेबुलमा बसेर माग सम्बोधन हुन्छ, र संविधान कार्यान्वयन प्रक्रिया अघि बढ्छ ।

**पम्फा भुसाल, प्रवक्ता, नेकपा माओवादी केन्द्र**
सत्र हजारको वलिदानीको उपज हो संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान । यही संविधान प्राप्तिका लागि २० वर्षको महत्वपूर्ण समय खर्चिएको छ । शान्ति प्रक्रियाका अभिभारा अझै बाँकी छन् । ती विषयलाई अलग राखेर अन्य काम कसरी अघि बढ्न सक्छन् ? निश्चित हो, स्थानीय निकाय निर्वाचन हुनुपर्छ, जनताको काम छिटोछरितो होस् भन्ने पक्षमा माओवादी छ, उनीहरूकै मुक्तिका लागि भनेर हामीले यत्रो युद्ध लड्यौं ।
निर्वाचन कहिले र किन भन्ने प्रश्न जटिल छ । निर्वाचनका लागि राष्ट्रिय सहमति जरुरी छ, त्यसका लागि सहमतिको राष्ट्रिय सरकार पहिलो आवश्यकता हो । सरकार गठनपछि कुन निर्वाचन कसरी गर्ने भन्ने तय हुनेछ ।

हामीलाई युरोप, अमेरिका वा भारतको माग सम्बोधन गर्नु छैन, हाम्रै समाजका प्रवुद्ध वर्गको सुझावअनुसार आवश्यक ऐनकानुन बनाएर निर्वाचन गर्नु उत्तम विकल्प हो ।

**लक्ष्मणलाल कर्ण, सहअध्यक्ष सद्भावना पार्टी**
स्थानीय निर्वाचनको कुरा संविधानसभा गठनपछिका सबै सरकारले भन्दै आए, तर गराउन सकेनन् । वर्तमान सरकारले पनि मंसिरमा स्थानीय निकाय निर्वाचन गर्ने घोषणा गरेको छ, त्यो नाटक मात्र होइन, वाइयात हो । द्वन्द्व र संक्रमणकाल कायमै रहेको अवस्थामा कसरी निर्वाचन गर्न सकिन्छ ? मधेस निर्वाचनको विपक्षमा छैन, यसो भनेर जवर्जस्त निर्वाचन हुन सक्दैन ।
नयाँ संविधान आयो, अब कार्यान्वयनमा जानुपर्छ भनिरहेका छन् ठूला दल । मान्छे मारेर ल्याएको संविधान कसरी लागू हुन्छ ? जनताले अपनत्व महसुस गर्न सक्नुपर्छ संविधानप्रति । हामीले पनि संविधान मान्दैनौं भनेका छैनौं । मधेसी, जनजाति र अन्य अधिकारका लागि लडेका जनताको सम्बोधन गरेर अघि बढौं भन्ने हाम्रो मान्यता हो । विद्यमान द्वन्द्व र आन्दोलनलाई वार्ताबाटै निष्कर्षमा पुऱ्याउँ भन्ने हाम्रो माग हो, तर सरकार किन मधेसलाई सम्बोधन गर्न चाहँदैन ? कुरा यहींनेर अड्केको छ । मधेस र जनजातिको द्वन्द्व अन्त्य नभएसम्म कुनै पनि निर्वाचन हुन सक्दैन् । बन्दुकको बलमा कुनै पनि समस्याको समाधान हुन सक्दैन भन्ने सबैले बुझ्न जरुरी छ । संविधानले परिकल्पना गरेको सबै निर्वाचन हुन्छ, हुनुपर्छ, झन् लोकतन्त्रको सुदृढीकरणका लागि पनि स्थानीय निर्वाचन बढी आवश्यक छ । त्यसो भनेर मान्छे मार्ने र मर्ने गरी निर्वाचन नगरौं भन्ने हाम्रो मान्यता हो ।

# समाजका विभिन्न क्षेत्रका बुद्धिजीविका तर्क

**सूर्यप्रसाद श्रेष्ठ, अध्यक्ष राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक)**
सत्र वर्षसम्म स्थानीय निकाय निर्वाचन हुन नसक्नु दुःखद हो । लोकतन्त्रको रक्षाका लागि पनि स्थानीय निर्वाचन हुनुपर्छ । असन्तोष, विग्रह, असुरक्षालाई शान्तिमा रुपान्तरण गर्ने माध्यम पनि हो निर्वाचन । नेपाल पनि लामो संक्रमणबाट गुज्रिएको हो । संविधानसभाबाट संविधान बनेको छ, अब त्यसको कार्यान्वयनका लागि पनि निर्वाचनलाई पहिलो आधार बनाउनुपर्छ । निर्वाचन भयो भने जनतामा संविधानप्रति अपनत्व महसुस भई समृद्धिको यात्रामा अघि बढ्ने दलहरूको उद्देश्यमा बल पुग्नेछ ।
यहाँ निर्वाचन प्रणाली र पद्धतिको विकास हुनै सकेको छैन । विदेशीले के गर्छ भनेर हेर्ने भन्दा हाम्रो भूगोल र यथार्थ के हो त्यही अनुसार निर्वाचन प्रणाली र पद्धतिको विकास गर्नुपर्छ । निर्वाचन आयोग साहाराविहीन जस्तो देखिन्छ । आयोगलाई मगन्ते बनाउने प्रवृत्तिले गर्दा उसको उपादेयता खस्कँदै गएको छ, जसमा प्रमुख दल नै जिम्मेवार देखिन्छन् । कतै हामी लोकतन्त्रको संस्थागत विकासका नाममा यसका मूल्य मान्यताभन्दा बाहिर त गइरहेका छैनौं ? संविधान बनिसक्दा पनि किन अस्थिरताको अन्त्य हुन सकेको छैन ?
संविधानसभापछि पनि सरकारको स्थायित्व नहुनु, सहमतिको राजनीति व्यवहारमा कार्यान्वयन नहुन दुःखद् पक्ष हो । कतिपय दलहरू क्षेत्रीय र जातीय राजनीतिको पक्षमा वकालत गरिरहेका छन् । जनताको अधिकारका लागि लड्नु नराम्रो होइन, तर क्षेत्रीय, जातीय र व्यक्तिगत हितका

एजेन्डा स्थापित गर्न लाग्नु भन्दा समानुपातिक र समावेशी विकासको अवधारणालाई आधार बनाएर अघि बढ्ने हो भने सबैको हित हुन्छ कि भन्ने मेरो मान्यता हो । कसैलाई पनि अधिकार माग्न लगाएर विद्रोही बनाउने होइन ।
मूलभूल राष्ट्रिय एजेन्डामा एकजुट भई हिँड्ने वातावरणको विकास नभएसम्म न निर्वाचन गर्न सकिन्छ न लोकतन्त्र स्थापित हुन्छ । नियोक लोकतन्त्र र मानवअधिकारको रक्षाका लागि पनि छिटो स्थानीय निकाय निर्वाचन होस् भन्ने पक्षमा छ । यो बहस यसैका लागि आयोजना गरिएको हो ।

**नीलाम्बर आचार्य, वरिष्ठ बुद्धिजीवी**

स्थानीय निकाय निर्वाचन अहिलेको आवश्यकता हो । यसलाई टार्ने र सार्ने काम नगरौं । सार्वभौमसत्ता जनतामा आयो भनेर भाषण गरेर मात्र त्यसको रक्षा हुँदैन, यसका लागि निर्वाचन अपरिहार्य छ । स्थानीय तहमा लोकतन्त्रको संस्थागत विकास हुन सक्यो भने त्यसले केन्द्रलाई बलियो बनाउने हो । केन्द्रमा लोकतन्त्रका कुरा मात्र गरेर स्थानीय तहमा त्यसको कुनै प्रभाव पर्दैन । अब पनि स्थानीय निकाय निर्वाचन गर्न सकेनौं भने अहिले कायम सत्ता संघर्षले पनि विराम लिने अवस्था आउन सक्नेतर्फ दलहरू सजग र सचेत हुन जरुरी छ ।
अहिले विदेशले निर्णायक क्षमता नभएको देश भनेर नेपाललाई हेर्ने गरेको छ । नेतृत्वमा निर्णायक क्षमताको अभाव भयो भनेर देश नै किन आरोपित हुने ? यसले जनतामा सोच्नुपर्ने अवस्था उत्पन्न भएको छ । प्रतिपक्षी दल मात्र होइन सत्तासीन दल पनि स्पष्ट छैनन् निर्वाचनका बारेमा । निर्वाचन हुनुपर्छ मात्र भन्ने तर त्यसका लागि आवश्यक वातावरणमा भूमिका निर्वाह नगर्ने प्रचलनले गर्दा लोकतन्त्रलाई कमजोर बनाउँदै लगेको छ । मंसिरदेखि वैशाखसम्म निर्वाचन हुन सक्छ भनेर अस्पष्ट भाषा बोलेका छन् प्रमुख भनिने दलका नेताले । विडम्बना, लोकतन्त्रमा जनताको अधिकार स्थापित गर्न प्रमुख भूमिका निर्वाह गर्ने स्थानीय निकाय निर्वाचनका लागि किन विलम्ब गरिँदैछ भन्ने प्रश्नको उत्तर कुनै पनि दलबाट आउन सकेको छैन ।
निर्वाचन आयोगको पनि भूमिका हुन्छ । नागरिकको अधिकार स्थापित गर्न आयोगले पनि आफ्नो उपयोगिता देखाउन सक्नुपर्छ । खालि दलहरूले निर्वाचनको वातावरण बनाइदिएनन् भनेर पन्छन मिल्दैन । हो, आयोगलाई पूर्वाधारयुक्त बनाएर राख्न सक्नुपर्छ । कुनै पनि निर्वाचन चाहेको समयभित्र गर्न सकिने संयन्त्र निर्माण गरी आयोगलाई तयारी अवस्थामा राख्न सक्नुपर्छ । ताकि घोषणा गरेको एक सय दिनभित्रै निर्वाचन सम्पन्न होस् । आयोगले पनि निर्वाचन गर्छु तर योयो काम यति समयभित्र हुनुपर्छ भनेर भन्न सक्नुपर्‍यो । आवश्यक ऐनकानुन यति समयभित्र बन्न सक्यो भने निर्वाचन हुन्छ नत्र हुँदैन भनेर स्पष्ट भाषामा भन्न सक्नुपर्छ । नत्र आयोगको औचित्य कसरी पुष्टि हुन्छ, जसले जे भन्यो त्यही गर्ने हो भने ?

**शेरबहादुर केसी, अध्यक्ष नेपाल बार एसोसिएसन**

स्थानीय निकाय निर्वाचन हुनुपर्छ, अन्तरिम संविधान २०६३ का आधारमा होइन । नयाँ संविधानअनुसार निर्वाचन हुनुपर्छ । निर्वाचन, निर्वाचन मात्र भनिएको छ, तर अशान्त मधेसलाई सम्बोधन नगरी निर्वाचन कसरी गर्ने ? मधेस हेर्ने दृष्टिकोणमा परिवर्तन ल्याउन सकिएको छैन । मधेसमा बस्ने नागरिक नेपाली होइनन् र ? अहिले पनि हामी अन्तरिम संविधानअनुसार हिँड्न खोजिरहेका छौं । असोज ३ पछि नयाँ संविधान लागू हुन्छ । सात प्रान्तको अवधारणा सार्वजनिक

गरेर त्यसको व्यवस्थापनपछि मात्र निर्वाचन गर्नुपर्छ, त्यसो नगरे कसरी निर्वाचन हुन्छ ? प्रदेशको अदालत, सरकार र प्रतिनिधि छनोटपछि मात्र स्थानीय निकाय निर्वाचन गर्न सकिन्छ । हो, बाधा अड्काउ फुकाएर प्रमुख चार दलले निर्णय गरेर हिँड्ने अधिकार पनि छ ।
कार्यवाहक प्रमुख निर्वाचन आयुक्तको कार्यपत्र राम्रो छ, आयोगले पनि हामी संक्रमणमा छौं भन्ने ख्याल गर्नुपर्छ । मधेसलाई अशान्त राखेर निर्वाचनको कुरा नगरौं ।

**नीलकण्ठ उप्रेती, पूर्व प्रमुख निर्वाचन आयुक्त**
निर्वाचन शब्द सुन्दा राम्रो लाग्छ,लोकतन्त्रको सदृढीकरणका लागि निर्वाचन हुनुपर्छ तर संख्या र क्षेत्र निर्धारणमा हामी अल्मलिने हो भने निर्वाचन कसरी सम्भव छ ? संविधानसभासँगै निर्वाचन आयोगलाई कमजोर र निरीह बनाउने अभियानमा लागे प्रमुख दलहरू । मतदातालाई मतदान गर्न पाउने अधिकार सुरक्षित गर्न पनि निर्वाचन अपरिहार्य छ । तर संसद्मा रहेका दल निर्वाचनबाट भागिरहेको आभास हुन्छ । दलहरू निर्वाचनबाट भागेर कसरी निर्वाचन हुन्छ ? नयाँ संविधान कार्यान्वयन गर्ने हो भने तीनवटा निर्वाचन तत्काल हुन सक्दैन ।
लोकतन्त्रको विधि र प्रक्रियाका कार्यान्वयन केन्द्रीय तहमा होइन, स्थानीय तहमा गर्नुपर्छ । राजनीतिक नेतृत्वमा लोकतन्त्रको कुरा गर्ने तर स्थानीय तहमा त्यसको कार्यान्वयनबारे मौन रहने प्रवृत्ति छ । निर्वाचन गर्नुपर्छ भन्ने इच्छाशक्ति दलहरूमा देखिँदैन । हो, लोकतन्त्रको विकासका लागि निर्वाचन छिटै हुनुपर्छ तर २०७४ माघसम्म तीनवटा निर्वाचन कसरी सम्भव छ त ?

**दोलखबहादुर गुरुङ, पूर्व कार्यवाहक प्रमुख निर्वाचन आयुक्त**
नीति, सहमति, नियुक्ति र मिति यी चार विषयले महत्वपूर्ण अर्थ राख्छ । सही र उपयुक्त नीति, दलहरूबीच एक खालको सहमति, रिक्त स्थानको पदपूर्ति गरेर निर्वाचनको मिति तोक्नुपर्छ । आयोगको प्राविधिक पक्ष पनि हेर्नुपर्छ , खालि मिति तोकेर मात्र निर्वाचन हुन सक्दैन ।

**सुरेन्द्र केसी, बुद्धिजीवी**
राजनीतिक नेतृत्वमा भनाइ र गराईबीच धेरै अन्तर देखिन्छ । संविधान जारी भएपछि त्यसको परिपालन पहिलो सर्त हो । आफूले बोलेका कुरामा अड्न सक्ने क्षमताको विकास हुनुपर्‍यो नेतृत्वमा । पदमा हुँदा एउटा कुरा र बाहिर आएपछि अर्को कुरा गर्नु भएन । नागरिक समाज पनि राजनीतिक दलको ‘लठैत’ हुनु भएन, जे भन्यो दलले त्यही गर्नुपर्छ भन्ने छैन ।

**राजुमान सिंह मल्ल, पूर्व सचिव**
नेताका कुरा सुन्दा हामी निरास भएका छौं । जिम्मेवारीबोध पटक्कै देखिएन । हामी पनि अब प्रमुख दलको बन्दी बन्ने होइन । निर्वाचन गर्न सकिन्छ, तर इच्छाशक्ति हुनुपर्‍यो । निर्वाचनका लागि एकता र ऐक्यवद्धता जरुरी छ ।

**बीए कुमार शर्मा,पूर्व ब्रिगेडियर जनरल नेपाली सेना**
चुनावको कुरा जति गरे पनि नेताले नै गर्न दिँदैनन् । किनकि उनीहरूलाई झन्डा र डन्डाको मोह मात्र छ । निर्वाचनपछि पाखा परिने हो कि भन्ने चिन्ता देखिन्छ उनीहरूमा । निर्वाचन हुन नियत सफा चाहिन्छ ।

**गोपाल सिवाकोटी, महासचिव नियोक**
देश पीडादायी राजनीतिक संक्रमणबाट गुज्रिरहेको अवस्थामा निर्वाचनको अभाव खड्किएको छ । लोकतन्त्रको संस्थागत विकास हुन नसक्दाको परिणाम हो, निर्वाचन हुन नसक्नु । नेतृत्वको राजनीतिक दुर्वलताकै कारण निर्वाचन हुनेमा शंका लागिरहने भयो । दलहरूबीच व्यवहारमा ऐक्यवद्धता नदेखिएकाले निर्वाचन असम्भव भएको छ । निर्वाचन किन हुन सक्दैन ? भए कसरी हुन्छ ? भन्नेबारे दलहरूले स्पष्ट दृष्टिकोण सार्वजनिक गर्नुपर्छ ।

**अयोधीप्रसाद यादव, कार्यवाहक प्रमुख निर्वाचन आयुक्त**
सरकारले अघि सारेको कार्यतालिकाअनुसार स्थानीय निकाय निर्वाचन गर्न दुई महिनाभित्र निर्वाचन ऐन पारित नभए मंसिरमा निर्वाचन हुन सक्दैन । दुई महिनाभित्र स्थानीय निकाय पुनर्संरचना आयोगको प्रतिवेदनसहित  स्थानीय निकाय निर्वाचन ऐन प्राप्त भएमा आयोग मंसिरमा निर्वाचन गराउन सक्षम छ ।

**दिनेश त्रिपाठी, वरिष्ठ अधिवक्ता**
स्थानीय निकायलाई प्रधानता नदिने हो भने शान्ति प्रक्रियाको अर्थ रहन्न । दलहरू भाषणमा लोकतन्त्र भन्छन् तर त्यसअनुकूलको व्यवहार गर्दैनन् । नेतृत्वलाई उत्तरदायी बनाउने काम स्थानीय निकायले गर्ने भएकाले निर्वाचन अपरिहार्य छ । त्यसका लागि निर्वाचन आयोगलाई विश्वासमा लिएर अघि बढ्न सक्नुपर्छ । शासन प्रक्रियामा नागरिकको अधिकतम सहभागिताको थलो भनेको स्थानीय निकाय नै हो । विस्तृत शान्ति सम्झौता भएको धेरै समय भइसक्दा पनि स्थानीय स्तरमा लोकतन्त्र बहाल हुन नसक्नु, स्थानीय निकाय सधैं कर्मचारीतन्त्रको कब्जामा रहनुले एउटा जिम्मेवार नागरिकलाई चिन्तित बनाएको छ । स्थानीय स्तरमा जीवन्त एवं उत्तरदायी लोकतन्त्रको बहालीका लागि शान्ति प्रक्रियालाई महत्वपूर्ण कार्यसूचीमा राख्नुपर्थ्यो । संविधानसभाको दुइटा निर्वाचन हुँदा पनि स्थानीय निर्वाचनलाई कार्यसूचीमा नराख्नु दलहरूको नालायकी हो । यसले दलहरूको लोकतन्त्रप्रतिको प्रतिबद्धता कति रहेछ भन्ने प्रमाणित गर्छ । राजनीतिक इच्छाशक्ति देखाएर स्थानीय निर्वाचन गर्न सके लोकतन्त्रको सुदृढीकरणमा सहयोग पुग्छ,सर्वसाधारण नागरिकले सुशासनको अनुभूति गर्न पाउनेछन् । स्थानीय स्तरमा लोकतान्त्रिक र जनउत्तरदायी संस्थाको अभावले साधनस्रोतको व्यापक दुरुपयोग भएको छ । विकास बजेटको ठूलो हिस्सा दुरुपयोग भइरहेको छ ।

अन्तरसंवादमा बोल्ने अधिकांश सहभागीले स्थानीय निर्वाचन लोकतन्त्र र विकासका लागि अपरिहार्य भएको बताएका थिए । जसले आफू बोल्छ र अरूका कुरा सुन्दैन त्यस्ता व्यक्ति र दललाई कार्यक्रममा निम्तो दिनुहुन्न आगामी दिनमा । युवाको सुनुवाइ, उनीहरूको मताधिकारको प्रश्न, ज्येष्ठ नागरिकको सम्मान, दलितका आवाज, चित्त नबुझे कुनै पनि दललाई मत नदिन नो भोट प्रणालीको विकासबारे पनि आवाज उठेका थिए । निर्वाचन नहुँदा सबैभन्दा बढी धोका युवालाई भएका आवाज पनि मुखरित भए । २०४७ मा जन्मेको व्यक्तिले मताधिकारबाट वञ्चित छ । यो तथ्यांक हेर्दा करिब ८० लाख युवाले मतदान गर्न पाएको छैन । यो विडम्बना हो ।

**चरण प्रसाई, उपाध्यक्ष नियोक**
नयाँ संविधान अनुसार निर्वाचन होस् भन्ने हाम्रो दृष्टिकोण हो । नागरिक समाजका व्यक्तिको धारणा सुन्दा तत्काल स्थानीय निर्वाचन हुनुपर्छ भन्ने छ । हो, भूकम्पपछि निर्वाचनको आवश्यकता खड्किएको छ, किनकि निर्वाचित स्थानीय निकाय भएको भए राहत वितरणदेखि सबै प्रक्रियमा उनीहरूको सहयोग हुन्थ्यो । तर दलहरूले गम्भीर रूपमा लिएनन् । प्रधानमन्त्रीले एउटा कुरा बोल्ने तर उहाँका प्रतिनिधिले अर्कौ बोल्ने प्रचलन हावी भयो । एमाले मंसिरमा निर्वाचन गर्ने भन्छ तर कांग्रेस नयाँ संविधान अनुसार गर्नुपर्छ भन्दैछ भने कसरी जुट्छ सहमति ? सहमतिमा चुनाव हुनुपर्छ भन्ने तर मधेसबारे सहमति खोज्न सकिएको छैन । हामीले अब प्रमुख दलका नेताहरूलाई सँगै राखेर भावी कार्यक्रमबारे स्पष्ट दृष्टिकोण माग्न सक्नुपर्छ ।
निर्वाचन आयोग कानुन पुरानो भयो भन्दैछ तर दलहरूको त्यसप्रति कुनै चासो छैन । नियोक निर्वाचन छिटो भए जनताका विकासप्रतिको चाहना र लोकतन्त्रको विकासमा सघाउन पुग्छ भन्ने पक्षमा छ ।

## निष्कर्ष
लोकतन्त्रको गहना दलीय व्यवस्थामा राजनीतिक दलहरूको क्षयीकरण राम्रो संकेत होइन । कार्यक्रममा सहभागी दलका नेता निर्वाचनका पक्षमा गम्भीर देखिएको पाइएन । देशमा संवैधानिक संकट उत्पन्न हुनु भनेको राष्ट्रको अस्तित्व र गरिमामा आँच आउनु हो । यस्तो राजनीतिक संकट, दलीय अन्तरसंघर्ष र विवादले विदेशी शक्तिले आँखा लगाउनु स्वाभाविक हो । यसले राष्ट्रिय अखण्डता र सार्वभौमिकतामा समेत प्रतिकूल प्रभाव पार्नेछ । दलहरू अझै पनि अनिर्णयको बन्दी हुनु, राजनीतिक दल र नेतृत्वको निजी स्वार्थ, क्षेत्रीय र साम्प्रदायिक प्रभावमा पर्नु राष्ट्रका लागि हितकर हुँदैन । मुलुकको स्वाभिमान र संस्थागत संरचनाको अवज्ञा र दुर्व्यवहार कसैले गर्नुहुन्न ।

कुनै दलले त्यस्तो गर्छ भने त्यो लोकतन्त्रका गहना दलहरूमाथि प्रश्नचिन्ह उठ्न सक्छ । बाह्य शक्तिको आडभरोसामा राज्य सञ्चालन गर्छु भन्नु जनताको शक्ति र राष्ट्रिय स्वाभिमानलाई तिरस्कार गर्नु हो । मुलुकले एकातिर राजनीतिक अस्थिरताको अवस्था बेहोरिरहनुपरेको छ भने अर्कोतिर सामाजिक विखण्डनको मानसिकता । आर्थिक दृष्टिले पनि राज्यको निर्भरता हेर्दा लगानीको अवस्था छैन । रोजगारी सिर्जना भएको छैन । व्यापार घाटा बढेर शोधनान्तर स्थितिमा प्रतिकूल असर परेको छ । युवाले बिदेसिनुपर्ने यथार्थ र त्यसबाट उत्पन्न सामाजिक समस्या सबैले बुझेका छन् । यो अवस्था भनेको राज्य असफलताको द्योतक हो । अहिले राजनीतिक शक्ति संगठन विभाजित हुँदै गएको छ । जुन यथार्थ दलहरूको बढ्दो संख्याबाट बुझ्न सकिन्छ । त्यसैले दलहरूले वस्तुनिष्ठ व्यवहार गरेर राज्यप्रतिको आफ्नो दायित्व निर्वाह गर्नु आवश्यक छ ।

संक्रमणकालको समाधान नेतृत्वको विवेक र राजनीतिक शक्तिको व्यवहारमा भर पर्छ । दल र नागरिकको राष्ट्रप्रतिको प्रेम बोलीमा होइन, हृदयमा र व्यवहारमा हुनुपर्छ । अन्यथा संविधान रक्षाकबच बन्न सक्दैन । संविधानको परिपालनमा चुकेपछि राज्य कमजोर हुन्छ । विदेशीले खेल्ने अवसर पाउँछन् । पहिला हामी परनिर्भर होइन आत्मनिर्भर बन्ने कोसिस गरौं। आवेगको होइन,

विवेकको राजनीति गरौं। सहमतिबाटै सरकार बनाऔं, सहमतिबाटै निकास खोजौं, सहमति त्यागमा हुन्छ स्वार्थमा होइन ।

एकले अर्कालाई निषेध गर्ने राजनीतिले कसैलाई पनि लक्ष्यमा पुऱ्याउँदैन । सत्तासीन दल सत्ता टिकाउन जे पनि गर्ने विपक्षी सत्तामा जान जस्तो सम्झौता पनि गर्ने हो भने राजनीति दलीय लिक छाडेर बाहिर जान सक्छ । लोकतन्त्र दलीय शासन सत्तामा मात्र फस्टाउन सक्छ । देश, जनता र लोकतन्त्रको हित हुन्छ भने व्यक्तिगत स्वार्थ छाडिदिनुपर्छ । दलीय राजनीतिलाई बलियो बनाउन सक्यौं भने जनताको शक्तिले कहिल्यै साथ छोड्ने छैन । त्यसैले पनि स्थानीय निकाय निर्वाचन अहिलेको अपरिहार्य आवश्यकता हो । निर्वाचनविनाको लोकतन्त्र र मेरुदण्डविनाको शरीर उस्तै हो । **कार्यक्रममा सहभागी नेता गम्भीर नभएको देख्दा निर्वाचन जनतालाई मात्र चाहिएको रहेछ भन्ने भान हुन्थ्यो । अधिकार लिन अब जनता नै लाग्नुपर्छ भन्ने सन्देश कार्यक्रमको नतिजा हो ।**

**–विनोद न्यौपाने**